

# महागढीमाई नगरपालिकाको
# सातौं नगर सभा

आर्थिक बर्ष २०८०/०८१ को
नीति कार्यक्रम तथा बजेट

**महागढीमाई गरपालिका**
**आर्थिक बर्ष २०८०/८१ को**
**नीति, कार्यक्रम तथा बजेट**

महागढीमाई गरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु, महागढीमाई नगरपालिकाको नगर सभाको सातौं अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।
महागढीमाई नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।
महागढीमाई नगरपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संबिधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । महागढीमाई नगरपालिकाको धार्मिक संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ ।कृषिको विकास सम्भावनाको पहिलो क्षेत्र हो , त्यस्तै धार्मिक तथा सस्कृतिकमा आधारीत पर्यटन विकास अर्को क्षेत्रहो । बजार व्यवस्थापन र सहरीकरण अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ । फोहर ब्यबस्थापन दीगो र बैज्ञानिक रुपले गर्ने हाम्रो सोच रहेको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी हरित नगरपालिका बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा

कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिरनेछ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्द्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम कर्मचारी वर्ग नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने आशा र विश्वास लिएको छु ।

**आर्थिक बर्ष २०७९/०८० को नीतिको समीक्षा:**

१) महागढीमाई नगरपालिका वडा नं. २ मा १५ शैंयाको अस्पताल भवन निर्माणको लागि डि.पि.आर तयार भई टेन्डर प्रकृया अगाडी बढीसकेको छ।

२) महागढीमाई नगरपालिका वडा नं.६ स्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बबुआईनको जगगामा ५००० टन क्षम्ताभएको शित भण्डारण निर्माणको लागि डी.पि.आर तयार भई टेण्डर अव्हान भईसकेको छ ।

३) महागढीमाई नगरपालिका वडा नं. २ बरियारपुर बजार व्यवस्थापन तथा पोखरी सौंन्दर्यिकरणको कार्य भईरहेको छ ।

४) सेभ द चिल्ड्रेनको समन्वयमा नगरपालिका क्षेत्रभित्रका सबै सामुदायीक विद्यालयहरूमा कक्षा १ देखि कक्षा ३ सम्म सुविधासहितको बसाई व्यवस्थापन भई सकेको छ ।

५) श्री गढीमाई मन्दिरको विकास र सौंन्दर्यीकरणको लागि गढीमाई मन्दि विकास कोष स्थापना गरिनेछ ।

६) जनताको सिघ्र स्वास्थ्य उपचारको लागि यस नगरपालिकामा रहेक दुई वटै एम्बुलेन्स सेवा निःशुल्क रुपमा संचालन गरिएको छ ।

७) स्वास्थ्य उपचारमा थप सहयोगका गर्न नगरबासीहरुको लागि स्तरिय पैथोलोजि सेवा निःशुल्क रुपमा संचालनमा ल्याईएको छ ।

८) समूहमा आबद्ध महिलाहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन १५० जनालाई उद्यमशिलता तालिम प्रदान गरिएको छ ।

९) महागढीमाई नगरपालिका भित्रका १६६ जाना जटिल तथा दिर्घ रोगिहरुलाई र १४३ जाना विपदमा परेका असहायहरुलाई **मेयर विशेष सहयोग** वापत रु. ५ हजार देखी रु.१लाख सम्मको उपचार खर्च र आर्थिक सहयोग रकम उपलब्ध गराइएको छ ।

१०) श्री गढीमाई बहुमुखी क्याम्पसलाई व्यवस्थित गरी नमुना क्याम्पसको रुपमा निर्माण गर्न क्याम्पसको नाममा जग्गा खरिद भईसकेको छ र भवन निर्माणको लागि डि.पि.आर बनाउने प्रकृयामा छ ।

११) यस नगरपालिका भित्रका अपाङ्गहरुको पहिचान गरी १५ जनालाई व्हिल चेयर ६ जानालाई ट्राई साईकल र २ जानालाई सिपि चेयर उपलब्ध गराईएको छ ।

१२) महागढीमाई नगरपालिका भित्रका किसानहरुको सिँचाई मिटर रिडिङ्ग निःशुल्क गरी सो वापतको रकम विद्युत प्राधिकरणलाई बुझाउने कार्य भईरहेको छ ।

१३) सामुदायीक विद्यालयका ३ वटा अधुरो भवन निर्माण कार्य सम्पन्न भईसकेको छ र ३ वटा दुई कोठे र २ वटा चार कोठे भवनको निर्माणाकार्य भईरहेको छ ।

१४) आर्थिक बर्ष २०७९/०८० मा महागढीमाई नगरपालिकाले ०५ कि.मी. सडक ढलान, १२.५ कि.मी.माटो पुरी ग्राभेल ०५ कि.मी. नाला निर्माणको कार्य सम्पन्न भएको छ र घर घरमा खानेपानीको सुविधा पुर्याउन चापाकल र पाईप समेत वितर गरिएको छ ।

१५) महागढीमाई नगरपालिका भित्रका किसाहरुको उत्पादन बृद्धि गर्नका लागि ९५२ जना किसानहरुलाई उन्नत जातको मकै तथा ३१८२ जाना किसाहरुलाई धानको विउ वितरण गरिएको छ ।

१६) महागढीमाई नगरपालिका अन्तर्गतका गरिब जेहेन्दार १६ जना छात्र छात्राहरुलाई छात्र बृति दिई पालिका बाहिर कक्षा ११ र १२ अध्ययन गराईएको छ । एम वि वि एस अध्ययनका लागि स्कलरसिपमा नाम निकाल्न सफल भएका १ जनालाई २ लाख र वि डि एस अध्ययन गर्न स्कलरसिपमा

नाम निकाल्न सफल भएका १ जना छात्रालाई ३ लाख सहयोग उपल्ध गराईएको छ ।

१७) विद्यालय बाहिर रहेका ३३० जना १० देखी १९ बर्ष भित्र उमेर समुहका अविवाहित तथा विवाहित किशोरीहरुलाई आसमान नेपालको समन्वयमा ९ महिना सम्म किशोरी कक्षा संचालन गरी विद्यालय भर्ना गराई थप कोचिङ्ग क्लासको सुविधा मिलाईएको छ।

१८) महा गढीमाई नगरपालिकाको सामुदायीक विद्यालयहरुका ४५ जाना शिक्षक तथा कर्मचारीहरुलाई आई ई एम आई एस र लेखा तालिम दिईएको छ ।

१९) जन्म विवाह बसाई सराई सम्बन्ध विच्छेद र मृत्यु दर्ता जस्ता घटना दर्ताहरु सम्बन्धित वडाबाट भईरहेको छ र सेवा उपलब्ध नभएका वडामा शिघ्र संचालन गरिनेछ ।

२०) नगरपालिकालाई हरित नगरपालिकाको रुपमा विकास गर्न करिब १० कि.मि. सडक किनारा वृक्षा रोपन गर्ने कार्य सम्पन्न भईसकेको छ ।

२१) सरकारी सेवा प्रबेशका लागि महागढीमाई नगरपालिकाकाबाट ३ महिना सम्म शिक्षक सेवा आयोग पुर्व तयारी कक्षा निःशुल्क रुपमा संचालन गरी ८० जनाले सोको लाभ लिईएकोमा १२ जना सो आयोगको परीक्षामा सफल भएका छन् ।

**अब म महागढीमाई नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति र कार्यक्रम यस नगर सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

महानगरपालिकाको दीर्घकालिन सोच **"महागढीमाईबासीको रहर सुशासन, समृद्धि र सुन्दर शहर "** रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन् ।

१. महागढीमाई नगरपालिकालाई कृषिमा सर्वसुलभ सिचाई उन्नत विउ तथा उत्पादनमा बृद्धि गर्दै कृषिमा आत्म निर्भर बनाउने गरी कार्यक्रम अघिबढाईने छ ।

२. महागढीमाई नगरपालिकालाई सर्वसुलभ, सुन्दर, दिगो, समृद्ध , स्वच्छ र सफा नगरपालिकाको रुपमा विकास गर्न आवश्यक योजना तयार गरी कार्यक्रम अघि बढाईने छ ।

३. नगरपालिकाको सेवा प्रवाह र विकास निर्माण कार्यको प्रत्येक चरणमा सुशासनको प्रत्याभूति गराईनेछ ।

४. महागढीमाई नगरपालिकाको आवधिक विकास योजना र गढिमाई विकासक्षेत्र गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ। नगरपालिकाले कार्यान्वयन गरेका योजना तथा कार्यक्रमलाई नतिजामुलक, पारदर्शी र उत्तरदायी बनाईने छ ।

५. महागढीमाई नगरपालिकाको धार्मिक संस्कृति र सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने ।

६. सांस्कृतिक पर्यटन, कृषिमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने ।

७. स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने ।

८. महागढीमाई नगरपालिकालाई स्वच्छ, सफा, हरियाली तथा सुरक्षित र समुन्नत नगरपालिकाको रुपमा विकास गर्ने ।

**शिक्षा सम्बन्धी नीति:**

९. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न **नगर शिक्षा सुधार योजना** तर्जुमा गरिनेछ।

१०. बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ। माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरीने छ ।

११. सबै विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय बिषय कम्प्युटर विषयको पाठयक्रम अनुरुप पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. हाल १ वटा सामुदायिक विद्यालयमा प्राविधिक विषयको कक्षा सञ्चालन भइरहेकोमा आगामी आर्थिक बर्षमा थप १ वटा बिद्यालयमा प्राविधिक विषयका कक्षा संचालन गर्ने ब्यबस्था मिलाइनेछ ।

१३. महागढीमाई नगरपालिकाको धार्मिक संस्कृति, भौगोलिक तथा ऐतिहासिक विषयमा अनुभव आदानप्रदान गर्न अन्य शैक्षिक संस्थाहरुसँग सहकार्य गरिनेछ

१४. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याड र प्याड डिस्पोजेबल मेशिन, पिउने पानीको व्यवस्था गरिनेछ ।

१६. सस्थागत विद्यालयहरुको शुल्क पुनरावलोकन गरी वैज्ञानिक र मापदण्डमा आधारित वनाइनेछ । सामुदायिक र संस्थागत विद्यालयहरुबिच गुणस्तर बिकास र असल अभ्यासको आदान प्रदानको लागि कार्यक्रम गरिनेछ ।

१७ निजीस्तरमा संचालित शैक्षिक परामर्श केन्द्र, कोचिङ्ग सेन्टरहरुको अभिलेखीकरण गरी नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

१८ वडास्तरीय सामुदायिक सिकाई केन्द्र (Community Learning Center) मार्फत अनौपचारिक शिक्षा र सीप बिकास प्रबर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

१९ सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि नगरपालिकाका स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ ।

२० विद्यार्थीहरुको शैक्षिक मुल्याङ्कनमा अतिरिक्त कृयाकलापको मुल्याङ्कनलाई समेत आवद्ध गरिनेछ । यसका लागि सबै सामुदायीक विद्यालयहरुमा बर्षै भरी प्रत्येक शुक्रवारका दिन अतिरिक्त कृयाकलाप संचालन गर्ने नीति लिईने छ ।

२१ सामुदायीक विद्यालय खानेपानी तथा सरसफाईको लागि कार्यविधि बनाई सबै सामुदायीक विद्यालयमा सरसफाई कर्मीको व्यवस्था गरिनेछ ।

२२ सबै सामुदायीक विद्यालयमा पर्खाल तथा डेक्स बेन्चको उचित व्यवस्थापन गरिने छ ।

२३ बालविकासको कक्षा कोठामा डिजिटल प्रविधिको विकास गरी शिक्षण सिकाई गराईने छ ।

२४ सामुदायीक विद्यालयमा अध्ययनरत कक्षा ९ का छात्राहरुलाई साईकल वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ।

२५ कक्षा ११ र १२ का लागि आर्थीक बर्ष २०७८/०७९ देखी शुरु गरिएको छात्रबृतिलाई निरंतरता दिईने छ ।साथै MBBS र ENGINEERING को स्कलरसीप ईन्ट्रान्स परीक्षामा नाम निकाल्न सफल हुने विद्यार्थीलाई दिदै आईरहेको छत्रबृतिलाई निरंतरता दिईने छ ।

२६ यस नगरपालिका भित्रका १ जना छात्रालाई एम.बी.बी.एस.वा विडिएस अध्ययन गर्नका लागि बार्षीक रु ३ तिन लाखको दरले छात्रवृति प्रदान गरिने नीति लाई निरंतरता दिईने छ।

२७ श्री गढीमाई बहुमुखी क्याम्पसलाई बारा जिल्लाको सुविधा सम्पन क्याम्पसको रुपमा स्थापित गर्न जग्गा खरिद भईसकेकोले डिपिआर तयार गरी निर्माण प्रकृया अगाडी बढाईने छ ।तथा क्याम्पस व्यवस्थापनको लागि दिदैआईरहेको अनुदानलाई निरंतरता दिईनेछ ।

२८ महागढीमाई नगरपालिकालाई आर्थिक बर्ष २०८०/८१ मा साक्षर घोषणा गर्न आवश्यक कृयाकलाप गरिने निति लिईने छ ।

२९ बालवालिका तथा समाबेशि शिक्षा संजाल प्रत्येक सामुदायीक विद्यालयमा गठन गरी कार्यन्वयन गरिने नितिलिईने छ ।

**शिक्षा तर्फको यी उल्लेखित कार्यक्रमको लागि रु. २ करोड ६० लाख विनियोजन गरेको छु ।**

**स्वास्थ्य सम्बन्धी नीति:**

३०. स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गर्न जनस्वास्थ्य ऐन जारी गरिनेछ ।

३१. नगरबासीहरुको स्वास्थ्य सेवा प्रबर्द्धन गर्न स्वास्थ्य चौकीहरुलाई स्तरोन्नती गरिनेछ ।स्वास्थ्य चौकी मार्फत नगरवासीको नियमित स्वास्थ्य जाँचको ब्यबस्था मिलाइनेछ ।

३२. महागढीमाई नगरपालिकाका दुईवटा स्वास्थ्य केन्द्रमा नि:शुल्क LAB संचालन हुँदै आईरहेकोमा सोलाई निरंतरता दिईने छ । साथै नगरपालिकामा विज्ञ डाक्टरको

व्यवस्था गरी सुपथ मूल्यमा अल्ट्रासाउण्ड प्रविधि संचालन गर्ने व्यवस्था मिलाईने छ ।

३३. नागरिक आरोग्यता प्रबर्द्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ ।

३४. सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने ब्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न कार्यविधि बनाई कार्यान्वयन गर्ने प्रबन्ध मिलाइने छ ।

३५. नगर क्षेत्रभित्र रहेका सबै प्रकारका स्वास्थ्य संस्थाहरुको अभिलेख ब्यवस्थित गरिनेछ ।

३६. एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रम बनाई आवश्यकता अनुसार विस्तार गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

३७. आयुर्बेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

३८. नगरपालिका भित्रका दिर्घ रोगीहरु जस्तैः- सबै प्रकारका क्यान्सर, मृगौला, मुटु , मेरुदण्ड सम्बन्धी रोग भएका विरामीहरुलाई दिईंदै आईरहेको सेवा सुविधा तथा आर्थिक सहायतालाई निरन्तरता दिईने छ ।

३९. यस नगरपालिका क्षेत्रभित्रका विरामीहरुको लागि नगरपालिकाको एम्बुलेन्स सेवालाई निःशुल्क रुपमा संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४०. यस नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट निशुल्क स्यानिटरी प्याड वितरण गर्ने ब्यवस्था मिलाइने छ।

४१. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने नीति लिईने छ ।

४२. नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क स्वास्थ्य सेवा तथा निःशुल्क औषधीमा नगरपालिकाको तर्फबाट थप औषधी निशुल्क रुपमा उपलब्ध गराइने छ ।

४३. १५ शैयाको नगर अस्पताल तोकेको समयअवधी भित्र निर्माण कार्य सम्पन्न गर्न गराउन आवश्यक नीति लिईनेछ ।

४४. स्वास्थ्य संस्थाहरुको सेवा विस्तार तथा गुण्स्तर सुधारमा जोड दिईनेछ ।यसका लागि समुचित भौतिक पुर्वाधार निर्माण जनशक्ति व्यवस्थापन सरसफाई तथा अन्य उपकरणको आपुर्ति गरिनेछ ।

४५. स्वास्थ्यकर्मी तथा महिला स्वयमसेविकाहरुको क्षमता विकासका लागि कार्यक्रम संचालन गरिने छ ।

**स्वास्थ्य तर्फको कार्यक्रम संचालन गर्न रु. १ करोड २५ लाख विनियोजन गरेको छु ।**

**पूर्वाधार बिकास सम्बन्धी नीति:**

४६. श्री गढीमाई माता संग दर्शन गर्न आउने पर्यटकको यातायातमा सुविधा पुर्याउनका लागि श्री गढीमाई मन्दिर संग जोडीएका मुल सडकहरुलाई कालोपत्रे र सहायक सडकहरु ढलान/ ग्राभेल र स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४७. महागढीमाई नगरपालिकाको धार्मिक, तथा साँस्कृतिक पक्षलाई ध्यानमा राखी भौतिक पुर्वाधारको विकास तथा विस्तार गर्ने नीति लिईने छ ।

४८. नगरका प्रमुख चोकहरुलाइ उज्यालो बनाउन हाईमास्टलाईट जडान कार्ग्रमलाई निरन्तरता दिईनेछ।

४९. महागढीमाई वडा नं.२ स्थित बरियारपुर बजारको पोखरी सौंन्दर्यीकरणको कार्यलाई निरंन्तरता दिईनेछ

५०. महागढीमाई नगरपालिक वडा नं.२ बरियारपुरमा निर्माण भईरहेको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरिनेछ ।

५१. बहुबर्षिय तथा अधुरो योजनाहरुलाई सम्पन्न गर्ने गरी अगामी आर्थिक बर्ष २०८०/८१ मा बजेट विनियोजन गरिने छ ।

५२. यस नगरपालिका क्षेत्र भित्रका नदीहरुबाट खेतीयोग्य जग्गामा गर्ने कटान रोक्न नदीको तटबन्ध निर्माण गर्ने कार्य अघि बढाईनेछ ।

५३. आगामी आर्थिक वर्षभित्रमा नगरक्षेत्रभित्र रहेका सडक, ढल, खानेपानी पाइपलाइन, सडक बत्ति, लगायतका सबै भौतिक पूर्वाधारहरुको डिजिटल प्रोफाइल (Digital Profile) तयार गरी एकीकृत विवरण सङ्कलन गरिनेछ ।

५४. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्रथामिकता दिइनेछ ।

५५. नगर क्षेत्रभित्र रहेका सामुदायिक बिद्यालय, सार्वजनिक संस्था तथा सार्बजनिक शौचालयहरुलाई स्तरोन्नति गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्री बनाइनेछ

५६. नगर क्षेत्रभित्र रहेका पुराना ईनार तथा पोखरीको पुनर्स्थापन, संरक्षण तथा सम्बर्धन गरिनेछ ।

५७. गढीमाई पोखरी शौन्दर्यिकरण तथा अधुरो सूर्य मन्दिर निर्माण कार्य द्रुत गतिमा अगाडी बढाई अगामी २ वर्ष भित्र मन्दिरको निर्माण कार्य सम्पन्न गरिनेछ।

**पुर्वाधार विकास अन्तर्गत गढीमाई विकास गुरुयोजना, पोखरी सौन्दर्यीकरण तथा सुर्य मन्दिर निर्माण एवम अन्य निर्माणकार्यको मैचिङ्ग समेतका लागि रु.५ करोड ५० लाख विनियोजन गरेको छु ।**

<u>संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति:</u>

५८. श्री गढीमाई मन्दिर विकास गुरुयोजना तयार गरी विश्वसंपदा सुचिमा आवद्ध गर्न आवश्यक पहल गरिनेछ ।

५९. नगर क्षेत्र भित्र मनाइने जात्रा, पर्व, मेला, पूजा, परम्परागत जीवनशैली एवं अन्य सांस्कृतिक सम्पदाहरुको मुख्य परिचयात्मक विवरण समेटी सांस्कृतिक प्रोफाइल तयार गरिनेछ ।

६०. यसै बर्षको मन्सिरमा लागने श्री काँटबासीमाई मेला सुव्यवस्थित गर्न "मेला जात्रा कार्यविधि" २०७६ कार्यान्वयन गरिने छ ।

६१. नगरपालिका क्षेत्रमा रहेका ऐतहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी, आदिको अभिलेख राखी संरक्षणको ब्यबस्था मिलाइनेछ ।

६२. प्राकृतिक सम्पदा संरक्षण गर्न उपभोक्ता समितिमार्फत संचालन हुने जनसहभागितामूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

६३. महागढीमाई नगरपालिका वडा नं ११ मा रहेका भिनक बाबा मठलाई ऐतिहासिक मठको रुपमा पर्यटकीय विकास गरिने छ ।

६४. स्थानिय स्तरमा मनाईने पर्वहरुलाई राट्रियस्तरमा परिचित गराई पर्यटन प्रबर्द्धन गरिनेछ ।

**मेला जात्रा व्यवस्थापनको लागि रु. ३५ लाख विनियोजन गरेको छु ।**

<u>फोहर व्यबस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीति:</u>

६५. कुहिने फोहरलाई घरमै मल बनाउन नगरबासीहरुलाई बिशेष सहुलियत दिने प्रबन्ध मिलाइनेछ |

६६. महागढीमाई नगरक्षेत्र भित्रका फोहोरको उचित व्यवस्थापन गर्न डम्पीङ्ग साईट निर्माण गर्न फिजिविलिटी स्टडी गरिने छ ।

६७. बातावरण संरक्षण र प्रबर्धनका लागि बैज्ञानिक उपायहरु अबलम्बन गर्नुका साथै चालिस माइक्रोन भन्दा पातलो प्लास्टिक झोलाको प्रयोगलाई निषेध गरिनेछ | प्लास्टिक झोलाको सट्टा कपडा, जुट वा कागजको झोला उत्पादन, बिक्रि वितरण र प्रयोगलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ |

६८. नगरभित्रको जल, जमिन, बायु प्रदुषण नियन्त्रण गरी स्वच्छ बातावरण प्रबर्धन गर्न आवश्यक कार्यक्रम बनाई संचालन गरिनेछ |

६९. सार्बजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ | सतप्रतिशत घरले जमिन नओगटेका क्षेत्रहरुमा **"एक घर दुई रुख"** अभियान संचालन गरिनेछ |

७०. नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत राखिनेछ | सार्वजनिक जग्गाहरुको अतिक्रमण हटाई कमतिमा दश हजार बृक्षारोपन गरिनेछ ।

**फोहोर व्यवस्थापन तथा प्रदुषण नियंत्रण गर्न वातावरण तर्फ रु. २५ लाख विनियोजन गरेको छु ।**

<u>संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति:</u>

७१. महागढीमाई नगरपालिकाको संगठन संरचना, स्वीकृत दरवन्दी र पदाधिकारी तथा प्रशासनिक एकाइहरुको कार्य विवरण, बनाई प्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ |

७२. कर्मचारीबाट लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ |नगरपालिकाका प्रत्येक कर्मचारीको कार्य

व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गरिनेछ ।

७३. नगरपालिकाका सबै कार्यालयमा सिसिटिभी जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ ।

७४. नगरपालिकाको केन्द्र तथा वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाब तथा गुनासोको ब्यबस्थापन गरिनेछ ।

७५. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self Assesment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

७६. नगरपालिकाबाट प्रवाह हुने सेवामा सेवाग्राहीको सहज पहुँच वृद्धिका लागि कार्यालयहरुमा इच्छुक सेवाग्राहीलाई सामान्य कानुनी परामर्श सेवा, निबेदनको मस्यौदा, अनलाइन फारम भर्ने, फोटो खिच्ने र फोटोकपी सेवाहरु निःशुल्क दिने ब्यबस्था मिलाइनेछ ।

७७. सबै तहका सेवा करारका कर्मचारीहरुलाई कार्य सम्पादन मुल्याङ्कनको आधारमा सेवालाई निरन्तरता दिईनेछ ।

७८. महागढीमाई नगरपालिकको महालेखा परिक्षणबाट देखीएका हाल सम्मको बेरुजु फछ्र्यौट गर्न आवश्यक प्रकृया अघि बढाईने छ ।

**<u>राजस्व तथा वित्त ब्यबस्था सम्बन्धी नीति:</u>**

७९. नगरपालिकाले संबिधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

८०. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

८१. राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ ।

८२. राजस्व प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ

**<u>यातायात सम्बन्धी नीति:</u>**

८३. नगरपालिका क्षेत्रभित्रका बजारहरु तथा धार्मिक पर्यटक स्थलहरुमा सवारी साधन पार्किङ्ग गर्न स्थान तोकी सार्वजनिक गरिने छ ।

**कानुन तथा न्यायीक समिति सम्बन्धी नीति:**

८४. सबै वडा कार्यालयहरुमा स्थापना भईसकेका मेलमिलाप केन्द्रहरुलाई कार्यान्वयन गरी सबै विवादहरु दर्ता गर्ने, बिपक्षी झिकाउने, प्राबिधिकद्वारा स्थलगत निरिक्षण गरी प्रतिबेदन पेश गर्ने, मेलमिलाप प्रकिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ ।

८५. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

८६. नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संसोधन, परिमार्जन गरिनेछ ।

८७. नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ ।

८८. कानूनी परामर्श सेवालाई वडास्तरसम्म विस्तार गर्न सेवा प्रदायक संस्थाहरुसँग प्रतिष्पर्धाको माध्यमबाट सेवा खरीद गरी सेवाग्राहीलाई सहजीकरण गरिनेछ । **कानुन तथा न्यायीक समितिको कार्यक्रम संचालन गर्न रु.१० लाख विनियोजन गरेको छु ।**

**कृषि सम्बन्धी नीति:**

८९. कृषिको आधुनिकिकरण, विविधिकरण तथा व्यवसायीकरण गरी आय आर्जन वृद्धि गर्ने नीति लिईने छ ।

९०. खण्डीकृत कृषि तथ्याङ्कको विकास गरी सोको आधारमा कृषिक्षेत्रको योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

९१. मल, वीउविजन, कृषि, उपकरण आदिको प्रबन्ध, उत्पादन बृद्धि, कृषि, उपज संकलन तथा वितरणमा कृषि सहकारीलाई परिचालन गरिनेछ ।

९२. कृषिको उत्पादन र उत्पादक्त्व अभिबृद्धि गर्न पकेट क्षेत्र निर्धारण गर्ने र सो बमोजिम खेती गर्ने किसानलाई अनुदानको व्यवस्था मिलाईने छ ।

९३. राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारसंग सहकार्य र साझेदारीमा कृषि व्यवसाय, पशु व्यवसाय तथा लघु व्यवसाय संचालन गर्न प्रोत्साहन गरिने छ ।यसको लागि छुट्टै समपुरक कोषको ब्यस्था गरिनेछ।

९४. किसानहरुले उत्पादन गरेको तरकारी तथा फलफुल भण्डारण गरिने नीति लिईनेछ ।यसका लागि दुईहजार पाच सय मेट्रिक टन क्षमता भएको शीत भण्डार निर्माणको लागि टेण्डर आव्हान भईसकेको छ ।

९५ सहकारी तथ निजी क्षेत्रको लगानीमा गुणस्तरिय एवं आधुनिक तरिकाबाट खेति गर्ने किसान वा सहकारी संस्थालाई सहायता प्रदान गरिनेछ ।

९६ किसानहरुले सिचाईका लागि प्रयोग गरिरहेको कृषिविधुत मिटरको महशुल निःशुल्क गरिएकोमा सोलाई आर्थिक बर्ष २०८०/०८१ मापनि निरन्तरता दिईने छ ।

**कृषि तर्फको कार्यक्रम तथा शित भण्डारण निर्माण समेतको लागि रु.२ करोड १० लाख विनियोजन गरेको छु ।**

<u>पशु स्वास्थ्य सम्बन्धी नीति</u>:

९७. पशुपालनलाई ब्यबस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने निति लिईने छ ।

९८. छाडा कुकुरहरुलाई उपचार गर्ने तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९९. व्यवसायीक पशुपन्छी पालन गर्ने किसानलाई आवश्यक सुविधा उपलब्ध गराईने छ ।

१००. मासुजन्य पदार्थको उत्पादन तथा बिक्रि वितरण गर्ने ब्यवसायको मापदण्ड तयार गरी लागू गरिनेछ ।

१०१. महागढीमाई नगरपालिका क्षेत्रभित्रका किसानहरुका साना तथा ठुला पशुहरुको विमा गर्ने नीति लिईनेछ । विमागर्दा किसानले तिर्नुपर्ने प्रिमियमको ५० प्रतिशत प्रिमियम नगरपालिकाले तिर्ने नीतिलिनेछ ।

**पशु स्वास्थ्य तर्फको कार्यक्रम संचालन गर्न रु. २० लाख विनियोजन गरेको छु।**

**सामाजिक विकाससँग सम्बन्धी नीति :**

१०२. नगरपालिकाबाट गैरसरकारी संस्था मार्फत गरिने बिभिन्न क्षेत्रगत सामाजिक कार्यहरुलाई थप ब्यबस्थित, संस्थागत र उपलब्धिमूलक बनाउन आवश्यक कानुनी प्रबन्ध मिलाइनेछ ।

१०३. नगरबासीहरुलाई सीपमूलक तालिम दिई आय आर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ ।

१०४. महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण र शसक्तिकरणका कार्यक्रमहरु वडा तहबाट समेत संचालन गरिनेछ ।

१०५. बाबुआमा बिहिन बालबालिकाको संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ ।

१०६. बिपन्न, दलित, आदिबासी र अपाङ्गता भएका नगरबासीहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०७. ७० बर्ष नाघेका ज्येष्ठ नागरिकहरुको घरमा गई स्वास्थ्य परीक्षण गर्ने ब्यबस्था मिलाइनेछ ।

१०८. अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरुका लागि सीप बिकास तथा अपाङ्गता भएका अभिभावकहरुका लागि स्याहारसीपको तालिम कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री निशुल्क वितरण गरिनेछ ।

१०९. स्थानीय तहका महिला जनप्रतिनिधिले उल्लेख्य तथा उदाहरणीय भूमिका निर्वाह गरेवापत एकजना महिला जनप्रतिनिधिलाई सम्मान प्रदान गरिनेछ ।

**सामाजिक विकास अन्तर्गत लक्षित कार्यक्रम तर्फ रु.३५ लाख विनियोजित गरेको छ।**

**खेलकुद सम्बन्धी नीति :**

११०. खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व बिकास गर्न नगरपालिका क्षेत्रमा खुल्ला ब्यायामशाला, योग लगायतका कार्यक्रम संचालन गर्न आवश्यक

खेलमैदान तथा भौतिक पूर्वाधार बिकास र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१११. **"विकासको धरोहर युवा "** अभियान संचालन गरी युवाशक्ति परिचालनको नीति अवलम्बन गरिनेछ ।यसकालागि युवासंग अर्थपुर्ण सहभागिता र सहकार्यमा जोड दिईने छ ।

११२. **युवाको हात मेयरको साथ** भन्ने नारा सहित युवाहरुको सहयोगी समुह तयार गरिनेछ। यसको लागि प्रत्येक वडामा **युवासंग मेयर** कार्यक्रम संचालन गरिने छ ।

११३. बगरमपुरको खेल मैदानलाई पालिकास्तरीय रंगशालामा स्तरोन्नती गरिनेछ।नगरपालिकाको सबै वडामा खेलकुद मैदान निर्माण गर्ने नीति लिइने छ।

११४. प्रत्येक वडामा खोलकुद टोलीको निर्माण गरिनेछ र उक्त टोलीहरुलाई आवश्यक्ता अनुसार खेलकुद सामाग्री वितरण गर्ने नीति लिइने छ।

११५. मेयर कप शिल्ड प्रतियोगिता अन्तर्गत विभिन्न किसिमका खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

११६. युवाहरुलाई कुलत तथा दुर्व्यसनबाट बचाउन छुट्टै कार्यविधि बनाई लागु गरिने छ।

**युवा तथा खेलकुद विकासको लागि रु.१० लाख विनियोजन गरेको छु ।**

<u>सीप बिकास तथा उद्यमशीलता प्रबर्द्धन सम्बन्धी नीति</u>:

११७. युवा पुस्ताको नविन सोच र प्रबिधिप्रतिको आकर्षणलाई बढावा दिनेछ ।

११८. नगरपालिका क्षेत्रमा रहेका उद्योग तथा नयाँ उद्यमीलाई प्रबिधिमा सहयोग,गरी उद्यमीलाई प्रोत्साहन गरिनेछ ।

११९. यस नगरपालिका भित्रका परम्परागत सीप तथा उधमको प्रबर्द्धन, व्यवसायीकरण एवं बजारीकरणलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१२०. बैदेशीक रोजगारबाट फर्केका व्यक्तिको सामाजिक विप्रेशन लाई पहिचान र प्रमाणिकरण गरी उद्यमशिलता विकासमा परिचालन गर्ने नीति लिईनेछ ।

१२१. युवा उद्यमीलाई स्वदेशमा उद्यम गर्न आकर्षित गर्न आर्थिक तथा प्राविधिक प्रोत्साहनको कार्यक्रम संचालन गरिनेछ ।

१२२. यस नगरपालिकामा एक घर एक रोजगारको नीति लागु गरिनेछ ।यसका लागि आर्थिक रुपमा सक्रिय उमेरका नागरिकलाई स्थानीय उद्यम र व्यवसायमा आबद्ध गरी रोजगारी तथा स्वरोजगारीको अवसर सिर्जना गरिनेछ ।

१२३. गरिब संग विशेश्वर कार्यक्रमलाई निरन्तरता दिईने छ ।

<u>सहकारी सम्बन्धी नीति :</u>

१२४. सहकारी संस्थाको दर्ता, नबिकरण कार्यलाई विद्युतिय प्रणालीमा आबद्ध गरिनेछ ।

१२५. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम ब्यबस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ ।

१२६. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

१२७. **"समृद्धिको लागि सहकारी अभियान"** लाई सफल पार्न साना तथा मझौला व्यवसायमा संलग्न व्यक्ति वा समुहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर बनाउने नीति लिईने छ ।

१२८. यस नगर भित्रका किसानहरुलाई आवश्यक पर्ने विउ विजन, रासायनिक मल आपुर्तिका लागि आवश्यक्ता अनुसार सहकारी संस्थाहरुलाई परिचालन गरिने छ ।

१२९. नगर क्षेत्रिभत्रका सहकारी संस्थाहरुलाई CO-POMIS प्रणालिमा अनिवार्य रुपमा आबद्ध गराईनेछ ।

१३०. यस नगरपालिका क्षेत्र भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको बचत व्याज दर तथा ऋणको ब्याज दरमा एकरुपता ल्याउने नीति लिईने छ ।यस क्षेत्रबाट परिचालन हुने बचत तथा ऋणको सुरक्षाको लागि आवश्यक नीतिगत र संस्थागत प्रबन्ध मिलाइने छ।

**विपद् व्यवस्थापन सम्बन्धी नीति:**

१३१. विपद् व्यवस्थापनका लागि जनस्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ । आगोबाट हुने जोखिम न्यूनिकरण गर्न बिशेष सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

१३२. महागढीमाई नगरपालिकाका सबै पुर्वाधार निर्माणमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका अवधारणाहरुलाई आन्तरिकीकरण गरिनेछ ।

१३३. महागढीमाई नगरपालिकाको विपद् जोखिमको न्युनिकरण तथा व्यवस्थापन योजना तर्जुमा गरिनेछ ।

१३४. तत्काल आगलगीबाट बाच्नका लागि गाँउ, टोल, स्थित पोखरी, तलाउ तथा ईनारहरुको संरक्षण र सम्बर्द्धन गरिने छ ।

१३५. सबै भौतिक पूर्वधारहरुलाई विपद जोखिम प्रतिरोधी बनाइनेछ ।

१३६. जोखिम युक्त भवन वा अन्य पूर्वाधारलाई आवश्क मर्मत सम्भार वा पुनः निर्माण गरिनेछ ।

१३७. बाढी, आगलागी, चटयाङ्ग, लुह र शितलहरको प्रकोपबाट पीडित भएका असहाय व्यक्ति वा गरीब परिवारलाई राहत वितरण गरिने छ ।

**विपद व्यवस्थापनको कार्यक्रम गर्न रु.३५ लाख विनियोजन गरेको छु ।**

**सहरी बिकास तथा भवन मापदण्ड सम्बन्धी नीति:**

१३८. भवनको नक्सा पास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाउनेछ ।

१३९. भवन निर्माण अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१४०. महागढीमाई नगरपलिकाको भू- उपयोग योजना कार्यान्वयन गरिनेछ ।

१४१. प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप निर्माण भएका तर नक्सा पास नगरिएका भवनहरुलाई एक बर्षभित्रमा नक्सा पास गरी नियमित गर्न आह्वान गरिनेछ ।

१४२. नगरक्षेत्रभित्र रहेका सार्वजनिक तथा निजी भवनहरुको जोखिम न्यूनीकरण गर्न बिमा गर्ने/गराउने नीति कार्यान्वयन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

१४३. यस नगरपालिका क्षेत्र भित्र रहेको ऐलानी, पर्ती तथा अन्य सार्वजनिक जग्गा, धार्मिक साँस्कृतिक सम्पदा लगायतका सार्वजनिक स्थानको संरक्षण गर्ने तथा

सार्वजनिक स्थान र सडकको क्षेत्राधिकार भित्र भएको अतिक्रमण र राखिएका ब्यक्तिगत सामाग्री हटाइने नीति लिइने छ।

**सार्वजनिक निजी साझेदारी सम्बन्धी नीतिः**

१४४. पुर्वाधार निर्माण तथा सेवा क्षेत्र व्यवस्थापनमा साझेदारी विस्तार गर्ने नीति लिईनेछ । यसका लागि महागढीमाई नगरपालिकाको परियोजना बैंक निर्माण गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकारण नीतिः**

१४५. लैङ्गिक हिंसाका पिडित महिलाको उद्धार, सहायता ,पुनर्स्थापन र पुनः सामाजिकरण गर्ने कार्यक्रम लागु गरिने छ ।

१४६. आर्थिक रुपमा विपन्न र असहाय ब्यक्ति, असहाय एकल महिला ,बालवालिका, दलित, ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसँख्यक तथा सामाजिक रुपले वञ्चितिकरणमा परेका समुदायको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने नीति लिइने छ।

१४७. लैङ्गिक समानता र समता कायम गर्न जनचेतनामूलक तथा क्षमता विकास कार्यक्रमलाई प्राथमिक्तामा राख्ने निति लिईने छ ।

१४८. ज्येष्ठ नागरिक सम्मानका लागि आवश्यक कार्यक्रम गरिने छ । निर्माणाधिन अवस्थामा रहेको महागढीमाई नगरपालिका वडा नं. ६ मा रहेको ज्येष्ठ नागरीक मिलन केन्द्रको भवन निर्माण कार्य आर्थिक आ.ब.२०८०/०८१ सम्पन्न गरी संचालनमा ल्याईने छ ।

१४९. ज्येष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य परीक्षण गर्न प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिने छ ।

१५०. सबै प्रकारका बालश्रम र बाल विवाह अन्त्य गर्न कार्यक्रम संचालन गरिनेछ। बाल अधिकार हनन सम्बन्धी उजुरी र गुनासो सुन्न बाल हेल्पलाईन संचालनमा ल्याईने छ ।

१५१. सबै वडामा बाल क्लबको स्थापना गरिने छ। बालबालिकाको विकास तथा बाल अधिकार संरक्षणको लागि कार्यक्रम संचालन गरिनेछ। यस नगरपालिकालाई बालबालिका मैत्री नगरपालिका घोषणा गर्न आवश्यक तयारी गरिने छ।

१५२. दलित र अपाङ्गता भएका व्यक्तिहरु मध्ये स्नातक ( BA,BBA, BBS, BSc, BEd , LLB) पढन चाहनेहरुलाई नगर प्रमुख कार्यक्रम अन्तर्गत पुर्ण छत्रबृति प्रदान गरिनेछ

१५३. जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि विशेष कार्यक्रम संचालन गरिनेछ। दलित समुदायको सशक्तिकरण, सहभागिता र रोजगारीको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

**लैङ्गिक समान्ता तथा सामाजिक सामाबेशिकरण कार्यक्रमको लागि रु.२५ लाख विनियोजन गरेको छु ।**

<u>खानेपानी तथा सरसफाईः</u>

१५४. महागढीमाई नगरपालिकाका जनताहहरुलाई स्वच्छ, सफा र आर्सेनिक रहित पिउने पानी उपलब्ध गराउनका लागि नगर भित्रका सबै खानेपानी परियोजनाहरुलाई संचालन गरी पाईपलाईन विस्तार गरिने छ ।

१५५. महागढीमाई नगरपलिकालाई पुर्ण सरसफाईयुक्त नगरपालिका बनाउन नीति लिईएको छ ।

१५६. नगरलाई पुर्ण सरसफाई तर्फ उन्मुख गराउन शौचालयको प्रयोग गर्न प्रोत्साहन गरिने छ । सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्नुका साथै संचालनमा रहेका सार्वजनीक शौचालयहरुको मर्मत संभारकार्य गरिने छ।

**खानेपानी तथा सरसफाईको कार्यक्रम संचालनको लागि रु. २५ लाख विनियोजन गरेको छु।**

<u>सिचाई सम्बन्धि नितिः-</u>

१५७ महागढीमाई नगरपालिका क्षेत्रभित्रका सिचाई परियोजनाहरुलाई मर्मत संभार गरी बर्षै भरी सिचाई गर्न कुलो सरसफाई तथा कच्ची बाँध निर्माणलाई निरन्तरता दिईने छ ।

१५८. नगरपालिका भित्रका कच्ची बाँधहरुलाई पक्की बाँध निर्माण गर्न संघ र प्रदेश सरकार संग आवश्यक पहल गर्ने छ ।

१५९. प्रत्येक बर्ष प्राकृतिक रुपमा पर्ने बर्षाको पानीको कमी तथा नदीको मुहान समेत सुकेकोहुँदा समयमा सिचाईमा कमी भईरहेकोले सोलाई व्यवस्थित गर्न विद्युतिय सिचाईमा सबै किसानको पहुच पुर्याउन सबै वडामा विद्युत लाईनको विस्तार तथा तथा आधुनिक सोलर पम्पको व्यवस्था गरिनेछ ।

१६०. महागढीमाई नगरपालिका वडा नं. ८ र ९ को किसानहरुको कृषियोग्य जग्गा सिचाईको लागि तियर खोलामा पक्की बाँध निर्माणको लागि डी.पि.आर. तयार गरिने छ ।

**किसानको खेतियोग्य जग्गामा सिचाईको व्यवस्था मिलाउन रु.१ करोड विनियोजन गरेको छु ।**

**<u>सूचना प्रबिधि सम्बन्धी नीति</u>**

१६१. महागढीमाई गरपालिकाबाट प्रबाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रबर्द्धन गरिनेछ ।

१६२. नगरपालिकाबाट प्रवाह गरिने सेवामा सर्बसाधारणको पहुँच वृद्धि गर्न कार्यालय परिसर र बिभिन्न सार्वजनिक स्थलहरुमा फ्री वाईफाईको ब्यबस्था मिलाइनेछ ।

१६३. नगरपालिका क्षेत्र भित्रका मुख्य बजार तथा चोकहरुमा सिसिटिभी जडान भई नेपाल प्रहरीको निगरानीमा रहेको छ र आवश्यक्ता अनुसार थप सिसिटिभी जडान गरिने निति लिईने छ ।

१६४. नगरपालिकाका सबै शाखा र वडा कार्यालयहरुमा डिजिटल सूचना बोर्ड जडान गरिनेछ ।

१६५. महागढीमाई नगरपालिकाको कार्यालयको कार्य प्रक्रिया सूचना प्रविधिमा आधारीत बनाईनेछ । सेवा प्रवाह तथा विकास निर्माणमा पार्दशिता कायम गर्न सूचना प्रविधिमा आधारित कार्यप्रणाली विकास गर्नुका साथै TOLL FREE नम्बर सञ्चालनमा ल्याइनेछ ।

आदर्णिय सभा सदस्यज्यु हरु अब म आर्थिक बर्ष २०८०/८१ को अनुमानित आयको सोत सिमा प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८०/०८१ मा प्रस्तुत निति तथा कार्यक्रम देहाय अनुसारको अनुमानित आय स्रोत सिमा भित्र रही कार्यान्वन गरिने छ ।

<u>आय तर्फः</u>

संघिय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु.१४ करोड ४६ लाख, संघिय राजश्व वाडफाड रकम रु.११ करोड ३२ लाख ९६ हजार, संघिय सशर्त अनुदान चालु रकम रु. २७ करोड २१ लाख, संघिय सशर्त अनुदान पुजिगत रकम रु.१ करोड २५ लाख, संघिय सम्पुरक अनुदान रकम रु. २ करोड, संघिय विशेष सशर्त अनुदान रकम रु. १ करोड ५० लाख, त्यस्तै प्रदेश सरकार बाट प्राप्त हुने समानीकरण अनुदान १ करोड ९ लाख २३ हजार, प्रदेश राजश्व बाडफाड बाट रु. ४० लाख, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश सम्पुरक अनुदान २० लाख, र नगरपालिकाको आन्तरिक श्रोत रु. ७ करोड गरी जम्मा रु. ६६ करोड ७४ लाख १९ हजार मात्रको आय अनुमान गरिएको छ ।

**अन्त्यमा,**

नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद ।

जय गढीमाई ।

**उपेन्द्र प्रसाद यादव**

नगर प्रमुख

२०८० असार ८ शुक्रवार